# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड २) छत्रदेव गाउँपालिका, मितिः २०७५/१२/११ (संख्या १०**

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७५ सालको कार्यविधि नं. १०**

**कार्यविधिको नाम : छत्रदेव गाउँपालिकाको पशु/कृषि तथा समूह दर्ता कार्यविधि, २०७५**

**पृष्ठभूमिः** पशु/कृषि उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट वसायीकरणमा परिणत गर्न र तीव्रतर लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । यसका लागि पशुपंक्षी/कृषिको उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित

वर्गसम्म पुऱ्याउन र पशु/कृषि व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनीकरणको माध्यमवाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुऱ्याउनुका साथै बढ्दो बैदेशिक पलायनलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशु व्यवसायको माध्यमबाट हाम्रो नारा **छत्रदेवको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान**लाई सफल पार्नुका साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न छत्रदेव गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भ

**१) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यनितिको नाम **"पशु / कृषि सेवा फार्म तथा समुह दर्ता कार्यविधि २०७५"** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले छत्रदेव गाउँपालिका सम्झनु पर्दछ।

ख) **"शाखा"** भन्नाले पशु/कृषि सेवा शाखा सम्झनु पर्दछ ।

ग) **"कार्यालय"** भन्नाले छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) **"समूह"** भन्नाले २५ वा सो भन्दा बढी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ ।

ङ) **"निजि फार्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फर्म सम्झिनु पर्दछ।

च) **"कार्यबिधि"** भन्नाले **"पशु/कृषि सेवा फार्म तथा समुह दर्ता कार्यविधि २०७५"** सम्झनु पर्दछ।

**३) उद्देश्यहरुः**

क) पशु/कृषि सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

ख) गाउँ सभाबाट विनियोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।

ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने ।

घ) गाउँपालिकालाई दुध, मासु र अन्डामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

ङ) पशु/कृषि व्यवसायको उद्यमशीलता प्रबर्धन एव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने।

च) पशु/कृषि व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनीकरण गर्ने ।

छ) पशु/कृषि व्यवसायलाई प्रभावकारी तरिकाले सञ्चालन गर्नको लागि विभिन्न प्रकारका बीउ, रासायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा सञ्चालन गर्ने

## परिच्छेद-२

## पशुपन्छी फार्म/समुह/मासु पसल/डेरी पसल/एग्रोभेट/दाना पसल पशु सेवा शाखामा दर्ता प्रक्रिया

**उदेश्य :**

- पशुपन्छी फार्म /दाना पसल/एग्रोभेट/डेरी पसल/मासु पसल/समुह/ पशु सेवा शाखामा अभिलेख राखी तिनीहरुको नियमन,प्रबर्धन र अनुगमन गर्न ।
- गाउँ सभा बाट स्वीकृत पशुपन्छी फार्म प्रबर्धन र पशुपन्छी बजार प्रबर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वन गर्न ।

**फार्म दर्ताको मापदण्ड :**

**१. व्यावसायिक गाईभैसी फार्मको बर्गिकरण :**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ :

**क. साना व्यावसायिक गाईभैसी फार्म :** ५-१० वटा गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ख. मझौला व्यावसायिक गाईभैसी फार्म :** ११-२० वटा सम्म गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ग. ठुला व्यावसायिक गाईभैसी फार्म :** २१ भन्दा माथि गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

२. **व्यावसायिक बाख्रा फार्म को बर्गिकरण**

क. **साना व्यावसायिक बाख्रा फार्म :** १०- २० स्थानीय माउ बाख्रा वा ५ बोयर माउ बाख्रा पालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ।

ख. **मझौला व्यावसायिक बाख्रा फार्म :** २१-४० स्थानीय माउ बाख्रा वा १० बोयर जातका माउ बाख्रापालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ।

ग. **ठुला व्यावसायिक बाख्रा फार्म :** ४१ भन्दा माथि स्थानीय माउ बाख्रा वा ३० वटा बोयर जातका माउ बाख्रापालन गरि व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ।

३. **व्यावसायिक बंगुर फार्म को बर्गिकरण :**

क. **साना व्यावसायिक बंगुर फार्म :** पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ र मासु उत्पादनको लागि भए १० वटा बंगुर पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ।

ख. **मझौला व्यावसायिक बंगुर फार्म :** पाठापाठी उत्पादनको लागि भए ११-१५ वटा माउ र मासु उत्पादनको लागि भए ४५ वटा बंगुरका पाठापाठी पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ।

ग. **ठुला व्यावसायिक बंगुर फार्म :** पाठापाठी उत्पादनको लागि भए १६ देखि माथि माउ बंगुर र मासु उत्पादनको लागि भए ४५

वटा बंगुरका पाठापाठी पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ।

४. **व्यावसायिक कुखुरा फार्म को बर्गिकरण :**

**क. साना व्यावसायिक कुखुरा फार्म :** ५००-१००० वटा ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ।

**ख. मझौला व्यावसायिक कुखुरा फार्म :** ११००-३००० वटा ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ।

**ग. ठुला व्यावसायिक कुखुरा फार्म :** ३१०० भन्दा माथि ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्म लाई मानिने छ।

५. **मासु पसल :** दैनिक २० केजी भन्दा बढी मासु बिक्री गर्ने मासु पसल लाई दर्ता प्रक्रियामा लगिने छ।

६. **डेरी पसल :** दैनिक ५० केजी लिटर भन्दा बढी दुध बिक्री गर्ने डेरी पसल लाई दर्ता प्रक्रियामा लगिने छ।

७. **एग्रोभेट पसल :** आधिकारिक प्रमाण पत्र सहित खोलिएका एग्रोभेटहरुलाई शाखामा दर्ता गरिने छ।

८. **समूह :**२५ वा सो भन्दा वढी कृषकहरु संगठित भई कुनै बिशेष काम जस्तै बाख्रापालन, गाई भैसीपालन,कुखुरापालन गरिरहेको समुहलाई दर्ता प्रक्रियामा लगिने छ।

९. **मासु व्यवसायी संघ :** गाउँपालिका भित्रका मासु पसलहरुलाई एकरुपता ल्याउनको लागी गाउँपालिका स्तरीय मासु व्यवसायी संघलाई बिधान सहित दर्ता पशु सेवा शाखामा दर्ता गरिने छ|

## पशु तर्फ समूह तथा फार्म दर्ता प्रकिया:

### समूहको लागि

- २५ वा सो भन्दा बढी सदस्यको समुह गठन
- समूह गठन सम्बन्धी बैठकको निर्णय
- समूह दर्ताको लागि समूहबाट जिम्मेवारी किटान भएको नाम सम्बन्धि निर्णय र निजबाट रु १० को टिकट सहित समूह दर्ता गरि पाउँ भन्ने निवेदन।
- समूहको विधान २ प्रति।
- समूह सदस्यहरुको व्यक्तिगत विवरण।
- समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि।
- समूह अध्यक्षको पासपोर्ट साइजको फोटा २ प्रति
- वडा कार्यालयको सिफारिस
- समूहको छाप

### फार्मको लागि

- निवेदन
- नागरिकताको प्रतिलिपि

- २ प्रति पासपोर्ट साइजको फोटो
- चौकिल्ला प्रमाणित पत्र
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलको भएमा स्वघोषणा / मञ्जुरीनामा
- फार्म को छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- सम्बधित वार्डको सिफारिस

**नोट :**

- दर्ता भएका फार्म/एग्रोभेट/डेरी पसल/मासु पसल/समूह/संघ लाई पशु सेवा शाखाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ।
- दर्ता भएका फार्म/एग्रोभेट/डेरी पसल/मासु पसल/समूह/संघ ले प्रत्येक २ वर्षमा नवीकरण गर्नु पर्ने छ।
- दर्ता भएका फार्म/एग्रोभेट/री पसलडे/मासु पसल/संघ/समूह/को समय समयमा अनुगमन गरिने छ र कानुन विपरित कामकाज गरेको पाइएमा तुरुन्त कारबाही प्रक्रियामा लगिनेछ।

**कृषि तर्फ समूह तथा फार्म दर्ता प्रकिया:**

**समूहको लागि**

- निवेदन
- २५ वा सो भन्दा बढी सदस्यको समुह गठन
- समूह गठन सम्बन्धी बैठकको निर्णय

- समूह दर्ताको लागि समूहबाट जिम्मेवारी किटान भएको नाम सम्बन्धि निर्णय र निजबाट रु १० को टिकट सहित समूह दर्ता गरि पाउँ भन्ने निवेदन ।
- समूहको विधान २ प्रति ।
- समूह सदस्यहरुको व्यक्तिगत विवरण ।
- समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
- समूह अध्यक्षको पासपोर्ट साइजको फोटा २ प्रति
- वडा कार्यालयको सिफारिस
- समूहको छाप

**फार्मको लागि :** यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि शाखाबाट फिल्ड अवलोकन गरी फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फार्म दर्ता गरिने छ ।

**न्यूनतम मापदण्ड**

- तरकारीको लागि ५वटा प्लाष्टिक टनेल भएको ।
- मौरीको लागि २५ वटा घार भएको ।
- च्याउको लागि ५वटा च्याउ घर भएको ।
- माछाको लागि ५ वटा पोखरी भएको ।

**दर्ता प्रक्रिया**

- निवेदन
- नागरिकताको प्रतिलिपि

- २ प्रति पासपोर्ट साइजको फोटो
- चौकिल्ला प्रमाणित पत्र
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- फार्मको छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- सम्वधित वडाको सिफारिस

**प्रमाणिकरण मितिः २०७५/१२/११**

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका